# कोभिड-१९ बाट संक्रमित बिरामीहरुको उपचार तथा व्यवस्थापनका लागि संचालित कोभिड अस्पताल तथा आइसोलेसन कक्षहरु तथा स्वास्थ्य केन्द्रहरु र मिति २०७८।०१।१९ गते देखि जारी निषेधाज्ञाको

## अनुगमन प्रतिवेदन

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

**अनुगमन गरेको स्थान :**

डडेल्धुरा जिल्लाका पालिकाको केन्द्रहरु तथा कोभिड अस्पताल,
आइसोलेसन कक्षहरु तथा स्वास्थ्य चौकीहरु

**मिति :** २०७८/०१/२० गते देखि २०७८/०२/१५ गते सम्म

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

१.पृष्ठभूमि :-

हामि सबै हाल कोभिड-१९ को सङ्क्रमणको दर र यस रोगबाट मृत्यू हुनेहरुको दरमा बृद्धि भइरहेको अवस्थामा छौ । यस परिप्रेच्छमा विश्वब्यापी महामारीको रुपमा रहेको कोभिड-१९ रोग दोस्रो चरणमा डडेल्धुरा जिल्लाका बिभिन्न समुदायहरुमा तिब्र गतिमा फैलिरहेको पाइएको छ । बिगतको तुलनामा कोभिड-१९ को संक्रमण भएर जटिल स्वास्थ्य समस्या देखा परिरहेको अवस्था छ त्यसैगरी सङ्क्रमितहरुको अस्पताल भर्ना हुने दरमा समेत वृद्धि भई अस्पतालको क्षमता भन्दा बढी बिरामीहरुको चाप भएको अवस्था रहेको छ । साथै यसपटकको कोभिड-१९ को दोस्रो लहरमा यस जिल्लामा मृत्युदर समेत बढेको हुनाले शव व्यवस्थापनमा समेत जटिलता भएको यथार्थताका साथ यो अनुगमन गरिएको हो । अनुगमनका क्रममा सुदूरपश्चिम प्रदेशका ७ वटा पहाडी जिल्लाका साथै तराईका जिल्लाहरुबाट समेत कोभिड संक्रमित बिरामीहरु उपचारका लागि यस जिल्लामा अवस्थित डडेल्धुरा अस्पतालमा आउने क्रम बढेको पाइयो । डडेल्धुरा जिल्लाको एकमात्र संघीय अस्पतालले डडेल्धुरा जिल्ला लगायत यस सुदुर पश्चिम प्रदेशको अन्य पहाडी जिल्लाहरु दार्चुला, बजाङ, बैतडी, अछाम, डोटी र बाजुरा जिल्ला लगायत कैलाली कंचनपुरबाट समेत विरामीहरु आई भर्ना भई उपचार गर्ने क्रम अझैपनि बढेको अवस्था छ ।

सामान्य देखि जटिल प्रकृतिका सबै बिरामीहरु डडेल्धुरा अस्पतालमा उपचारका लागि आउँदा जटिल समस्या भएका बिरामीहरुको समेत उपचारमा बाधा पर्ने हुँदा जिल्लाका सबै पालिका स्तरमा कम्तिमा पनि एउटा कोभिड अस्पताल तथा आइसोलेसन कक्ष निर्माण गर्न जरुरी छ । यसरी संचालन गरिने अस्पताल तथा आइसोलेसन कक्षहरुमा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड वमोजिम बिरामीहरुका लागि बेड, अक्सिजन सिलिन्डर, अक्सिजन कन्सनट्रेटर, आवश्यक संख्यामा स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु, आवश्यक औषधी लगायत सामाग्रीहरु, आदिको व्यवस्था गरिएको हुनुपर्छ । पालिका स्तरमा निर्माण गरी संचालनमा आएका अस्पताल बाट कोभिड सम्भावित



छवि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इडेलपुरा

बिरामीहरुको समयमा नै निदान, उपचार, परामर्श तथा जटिल प्रकृतिका बिरामीहरु जस्तै ICU, HDU Ventiletor को आवश्यकता पर्ने बिरामीहरुलाई समयमा नै रेफर गर्न सकिने हुँदा सबै बिरामीहरुले गुणस्तरीय सेवाको उपभोग गर्न सक्छन र अकालमै हुने मृत्यु बाट बचाउन सकिन्छ। समुदाय स्तरमा संक्रमण नियन्त्रण तथा रोकथामका लागि बिरामीहरुको उपचार गर्नुका साथै स्वास्थ्यकर्मी, म.स्वा.स्व.से., राजनीतिकर्मीहरु मार्फत स्वास्थ्य शिक्षा दिने र जनचेतना फैलाउने कार्य गर्नुपर्ने हुन्छ । उक्त कार्य गर्नका लागि जिल्ला कोभिड सङ्कट व्यवस्थापन समिति (DCCMC) का पदाधिकारीहरु र अन्य सरोकारवालाहरुको अनुगमन आवश्यक भएकाले यो अनुगमन गरीएको हो ।

२.उद्येश्यहरुः-

- यस जिल्लामा कोभिड-१९को रोकथाम र नियन्त्रणका लागि आवश्यक व्यवस्थापन गर्ने ।
- .अस्पताल तथा आइसोलेसन कक्षहरुमा गुणस्तरीय सेवाको सुनिश्चितता गर्ने ।
- कोभिड-१९ प्रतिकार्यका लागि आवश्यक सुरक्षा व्यवस्थापन गर्ने ।
- बैशाख १९ गतेबाट यस जिल्लाभर लागू भएको निषेधाज्ञाको प्रभावकारीताको अनुगमन गर्ने ।

३.अपेक्षित प्रतिफल :-

अनुगमनबाट कोभिड-१९को रोकथाम र नियन्त्रणको व्यवस्थापनमा सहजता आउने छ । आइसोलेसन सेन्टरहरुमा स्वास्थ्य मापदण्ड वमोजिमको संख्या तयार हुनेछ । संक्रमितहरुको Contract Tracing लगायतमा सहजता भई कोभिडका विरामीहरु अस्पतालमा वेड सुनिश्चित हुनेछ । निषेधाज्ञाको प्रभावकारी कार्यान्वयनबाट कोभिड-१९ को दोस्रो लहरको चेनब्रेक भई कोभिड नियन्त्रण एवं रोकथाममा मद्दत पुग्नेछ । साथै निषेधाज्ञाको समयमा गर्नुपर्ने आवश्यक सुरक्षा व्यवस्थापनमा सहयोग पुग्नेछ ।

प्रमुख जिल्ला अधिकारी

DCCMC का पदाधिकारी तथा जिल्लाका जिम्मेवार निकाय मार्फत समय-समयमा अनुगमन गर्दा उक्त संस्थामा कार्यरत स्वास्थ्यकर्मी र व्यवस्थापकीय व्यक्तित्वहरुको मनोबल उच्च हुने र अस्पताल तथा आइसोलेसन कक्षको सहि व्यवस्थापन भई बिरामीहरुले निरन्तर रुपमा गुणस्तरीय सेवाको उपभोग गर्न पाउनेछन् | अस्पताल तथा अन्य सेन्टरहरुमा अक्सिजन सिलिन्डरको उचित प्रयोग भई अक्सिजन व्यवस्थापन सहजीकरण हुनेछ । साथै सङ्क्रमितहरुलाई अक्सिजन उपलब्धताको सुनिश्चितता कायम भई सङ्क्रमितको मृत्यूदरमा समेत कमि आउनेछ ।

४. अनुगमन कार्यमा संलग्न कर्मचारीहरु :-

- प्रमुख जिल्ला अधिकारी श्री हरि प्रसाद घिमिरे , जिल्ला प्रशासन कार्यालय डडेल्धुरा
- सहायक प्रमुख जिल्ला अधिकारी श्री बाबुराम अर्याल , जिल्ला प्रशासन कार्यालय डडेल्धुरा
- प्र.से.गणपती श्री बिक्रम देब गिरी, श्री रणबम गण दह ब्यारेक डडेल्धुरा
- प्र.ना.उ. श्री महेन्द्र नेपाल, जिल्ला प्रहरी कार्यालय डडेल्धुरा
- स.प्र.ना.उ. श्री सन्तोष भट्ट, स.प्र.बल नेपाल गुल्म न.५२ डडेल्धुरा
- प्र.अ.अ. श्री श्री राम बहादुर खड्का, रा.अ.जि.का.डडेल्धुरा
- नि.मे.सु. श्री जगदीशचन्द्र बिष्ट, डडेल्धुरा जिल्ला अस्पताल, डडेल्धुरा
- ब.ज.स्वा.अ. श्री आशुतोष श्रेष्ठ , स्वास्थ्य कार्यालय डडेल्धुरा
- त.अ. श्री जनक चन्द, स्वास्थ्य कार्यालय डडेल्धुरा
- भे.क.सु. श्री हरि प्रसाद भट्ट , स्वास्थ्य कार्यालय डडेल्धुरा

(हरि प्रसाद घिमिरे)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

५.अनुगमन गरेका कोभिड अस्पताल तथा आइसोलेसन कक्षहरुको विवरण र अवस्था :-

| सि.नं. | बिवरण | अमरगढी न.पा. | परशुराम न.पा. | अजयमेरु गा.पा. | गन्यापधुरा गा.पा. | नवदुर्गा गा.पा. | आलिताल गा.पा. | भागेश्वर गा.पा. | डडेल्धुरा अस्पताल |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | अस्पताल/आइसोलेसन कक्ष संचालन रहेको स्थान | भूकुटी स्कुलको भवन | जोगबुडा | भद्रपुर | मष्टामांडू | डांडावन | गोदाम | बगरकोट | अमरगढी |
| २ | वडा न. | ५ | १२ | ३ | ३ | ३ | ५ | ४ | ५ |
| ३ | जम्मा बेड संख्या | १० | ७ | १० | १० | १० | १६ | १५ | १०० |
| ४ | अक्सिजन सिलिन्डर संख्या | ० | २९ | २० | ५ | ९ | ११ | ४ | १२० |
| ५ | अक्सिजन कन्संट्रेटर संख्या | ० | १० | १ | २ | २ | २ | २ | २५ |
| ६ | विशेषज्ञ | ० | ० | ० | ० | ० | ० | ० | ३ |
| ७ | मे.अ.संख्या | ० | २ | १ | ० | १ | ० | १ | ५ |
| ८ | हे.अ.संख्या | ० | ५ | १ | ० | ० | ० | ० | ५ |
| ९ | नर्सिंग कर्मचारी संख्या | ० | ७ | ४ | २ | २ | २ | २ | ४५ |
| १० | ल्याब कर्मचारी संख्या | ० | २ | १ | १ | १ | ० | ० | २० |
| ११ | सरसफाई सहित अन्य कर्मचारी संख्या | ० | १५ | ३ | १ | १ | १ | १ | ६० |
| १२ | आइ.सी.यु.बेड संख्या | ० | ० | ० | ० | ० | ० | ० | १५ |
| १३ | भेन्टिलेटर संख्या | ० | ० | ० | ० | ० | ० | ० | ८ |
| १४ | आई.एम.यु. युजर र पासवर्ड भएको | नभएको | भएको | भएको | भएको | भएको | भएको | भएको | भएको |
| १५ | स्वास्थ्य चौकी संख्या | ४ | २ | ५ | ४ | ४ | २ | ३ | ० |
| १६ | आधारभूत स्वास्थ्य सेवा केन्द्र संख्या | ६ | ९ | १ | १ | १ | ६ | २ | ० |
| १७ | म.स्वा.स्व.से. संख्या | ७८ | ८१ | ७९ | ५९ | ६५ | ५५ | ५४ | ० |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

६. अनुगमनका क्रममा देखिएका तथ्यहरुः-

अनुगमनका क्रममा यस जिल्लाका सबै पालिकाहरुका आइसोलेसन सेन्टर तथा संभव भएसम्मका स्वास्थ्य चौकी, प्रहरी यूनिट तथा आधारभूत स्वास्थ्य केन्द्रहरुको स्थलगत रुपमा पुगिएको थियो । यसका साथै सबै पालिकाहरुको केन्द्रमा समेत पुगी पालिकाका प्रमुख, तथा प्रशासकीय अधिकृत लगायतका पदाधिकारीहरु र जनप्रतिनिधीहरु संग छलफल एवं अन्तरक्रिया गरिएको थियो । जिल्ला सदरमुकामको डडेल्धुरा अस्पताल र परशुराम न.पा. को जोगबुडा अस्पतालमा समेत अनुगमन गरी उक्त अस्पतालका प्रमुख, नगर प्रमुख, उप प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत लगायत डाक्टर तथा स्वास्थ्यकर्मीहरु संग अस्पतालमा रहेका समस्याका बारेमा छलफल गरीएको थियो । डडेल्धुरा अस्पतालमा कोभिडका बिरामीहरु राख्नका लागि छुट्टै स्थान नभएता पनि हाल बनिरहेका विभिन्न वार्डहरुमा राख्न तत्काल सुझाव दिइएको थियो । त्यसैगरी उक्त अस्पतालमा बनिरहेको नयाँ भवन सम्पन्न नभएकाले र तेस्रो तलामा रहने ICU वार्डको तयारी गर्नका लागि भवनको नक्सा वमोजिम कार्य गर्न भनी उक्त भवन निर्माण कम्पनीका ठेकदार, इन्जिनियर र संघीय भवन समन्वय इकाई धनगढीका इन्जिनियर समेतको बैठक बसी ३ महिना भित्र आधारभूत संरचना निर्माण गरिसक्ने गरी बैठकमा निर्णय समेत गरिएको थियो । सोही वमोजिम हाल कार्य भईरहेको छ ।

जोगबुडा अस्पतालमा पनि कोभिडका बिरामीहरु राख्न छुट्टै वार्ड नभएतापनि हाल अस्पतालसंगै जोडिएको एक कोठामा ७ वेड राखी शुरु व्यवस्थापन गरेको पाइयो । त्यसैगरी सोही स्थानमा बनिरहेको नयाँ भवनको तल्लो तला तयारी गरिएको र परशुराम नगरपालिकाको पहलमा छुट्टै आइसोलेसन सेन्टर निर्माण भइरहेको पाइयो । अनुगमनका क्रममा उक्त आईसोलेसन सेन्टर छिटो भन्दा छिटो निर्माण गर्न प्रशासनले सहजिकरण गरिदिने नजिकै रुखहरुले पुर्याउन सक्ने क्षतिको लागि वन डिभिजन कार्यालयले सहजिकरण गर्ने गरी समस्या सामाधान गरिएको थियो । निषेधाज्ञाको क्रममा विभिन्न पालिकाहरुमा पुगी सो स्थानमा नै सवारी साधनहरुलाई जनचेतना पुर्याउने सचेत बनाउने र कारवाही गर्ने लगायतका कार्य गरिएको थियो ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

अनुगमनका क्रममा देखिएका तथ्यहरुः

- भागेश्वर गा.पा. मा १० वटा वेडको आइसोलेसन तयार भएको । अक्सिजन सिलिण्डर ४ वटा मात्र रहेको । मेडिकल अधिकृत साथै नर्सिङ् कर्मचारी २ रहको पाइयो ।
- गन्यापधुरा गा.पा. मा १० वेडको आइसोलेसन तयार भएको । १ वटा कन्सन्ट्रेटर रहेको । डाक्टर नरहेको । नर्सको व्यवस्था भएको ।
- आलितालमा १५ वेडको व्यवस्था भएको साना/ठुला गरी २ थान र १ थान अक्सिजन कन्सन्ट्रेटर रहेको पाइयो ।
- अमरगढी न.पा.को १० वेड आइसोलेसनमा अक्सिजन नभएको तथा स्वास्थ्यकर्मी समेत नरहेको पाइयो । नगरपालिकाको आफ्नो क्षेत्रमा ४ स्वास्थ्य चौकी र ६ आधारभूत स्वास्थ्य सेवा केन्द्र भएतापनि अन्य कुनै पनि व्यवस्थापन कमजोर रहेको पाइयो ।
- परशुराम न.पा.मा जम्मा ७ वेड रहेको, मेडिकल अधिकृत २ र नर्सिङ् स्टाफ ७ जना रहेको पाइयो । नगरपालिकाले जोगबुडा अस्पतालको नयाँ बनिरहेको भवनको ग्राउन्ड फ्लोरमा वेडहरु थप गरेको समेत पाइयो ।
- नवदुर्गा गा.पा. वडा नं. ३ मा १० वेडको आइसोलेसन तयार भएको साथै ९ थान अक्सिजन सिलिण्डर र २ थान अक्सिजन कन्सन्ट्रेटर रहेको पाइयो ।
- सबै पालिकाहरुले स्वास्थ्य सम्बन्धी जनचेतनाका कार्यक्रमहरु गरेको र सूचनामूलक जानकारीहरु समेत सम्प्रेषण गरेको पाइयो । त्यसैगरी गाउँपालिकाबाट स्वास्थ्य सामग्रीहरुको वितरणका कार्यक्रमहरु समेत भएको पाइयो ।
- सबै पालिकाहरुमा निषेधाज्ञाको पालना समेत सन्तोषजनक रुपमा भएको पाइयो । निषेधाज्ञाको शुरुवाती चरणमा धार्मिक कार्य विशेषगरी विवाहका कार्यक्रमहरु अत्याधिक भएको देखियो । निषेधाज्ञामा आफ्ट्यारो परेको समयमा सुरक्षाकर्मी एवं जनप्रतिनिधीहरुले उल्लेख्य सहयोग गरेको समेत पाइयो ।



हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

७. सुझावहरु :-

स्थानीय तहका जिम्मेवार पदाधिकारीहरुसंगको अन्तरक्रिया एवं भेटघाटका क्रममा आइसोलेसन व्यवस्थापन तथा कोभिड १९ रोग नियन्त्रण सम्बन्धि क्रियाकलापहरु संचालन गरिरहेकोमा धन्यवाद दिनुका साथै कोभिड-१९ सङ्क्रमण रोकथाम एवं नियन्त्रण तथा जारी निषेधाज्ञालाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्न निम्नानुसारको सल्लाह/ सुझाव दिईयो ।

निम्नः

- समुदाय स्तरमा बिरामीहरु बढ्दै गएकोले स्वास्थ्य संस्था र समुदाय स्तरमै गई कोभिड सम्भावित सबै बिरामीहरुलाई समयमा नै Antigen टेस्ट किट वा RT-PCR माध्यमबाट कोभिड जांच गर्ने व्यवस्था मिलाउने ।
- सामान्य लक्षण भएका पोजिटिभ बिरामीहरुलाई आवस्श्यक परामर्श गरि अनिवार्य रुपमा घरका अन्य व्यक्तिहरु बाट अलग बस्न लगाउने र प्रत्येक दिन कम्तिमा १ पटक नजिकको स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी बाट बिरामीको स्वास्थ्य अवस्था बारे जांचबुझ तथा परामर्श गर्न लगाउने ।
- विदेश तथा बाहिरबाट आएका व्यक्तिहरुको नतिजा नेगेटिभ आएतापनि उक्त व्यक्तिहरु कम्तिमा १ हप्ता सम्म अलग बस्ने व्यवस्था मिलाउनुका साथै आवश्यक परामर्श गर्ने । भेटघाट गरी स्वास्थ्य अवस्था बुझ्ने र बुझाउने ।
- ICU, HDU र Ventiletor को आवश्यकता नपर्ने कम जटिल प्रकृतिका बिरामीहरुलाई पालिकाको कोभिड अस्पताल तथा आइसोलेसन कक्षमा भर्ना गरी उपचार गर्ने व्यवस्था मिलाउने । स्वास्थ्य सम्बन्धी जानकारी लिई उपचारमा सहजीकरण गर्ने/गराउने ।

हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

- जटिल प्रकृतिका बिरामीहरुलाई डडेल्धुरा अस्पताल वा अन्य अस्पताल रेफर गरी उपचार गर्नुपर्ने भएमा पालिकाहरुमा रहेक एम्बुलेन्समा अक्सिजन समेतको व्यवस्थापन सहित २४ सै घण्टा तयारी अवस्थामा राख्ने ।
- समुदाय स्तरमा कोभिड नियन्त्रण तथा रोकथामका लागि स्वास्थ्यकर्मी र म.स्वा.स्व.से हरु मार्फत स्वास्थ्य शिक्षा दिने व्यवस्था मिलाउने । विभिन्न संचार माध्यमको प्रयोग गरी सर्वसाधारणमा सूचनाको प्रवाह अत्याधिक गर्ने/गराउने ।
- अस्पताल तथा आइसोलेसन कक्षमा आवश्यक कर्मचारी, स्रोत साधन, औषधि, अक्सिजन, सरसफाई लगायतको व्यवस्था मिलाउने । सकेसम्म मेडिकल अधिकृतको व्यवस्था गर्ने साथै अक्सिजन सहितको वेड बनाउन पहल गर्ने ।
- नियमित रुपमा डडेल्धुरा अस्पताल, स्वास्थ्य कार्यालय र जिल्ला प्रशासन कार्यालयमा दैनिक रिपोर्ट गर्ने व्यवस्था गर्ने र आवश्यक समन्वय गर्ने ।
- अमरगढी नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा उल्लेखित सुविधाहरु थप गर्नुपर्ने देखियो ।
- भागेश्वर गा.पा.ले थप ५ वेडको आइसोलेसन वेड बनाउन सुझाव प्रदान गरियो ।
- हरेक पालिकाहरुले निषेधाज्ञा तथा सङ्क्रमणको अवस्थाबारे सर्वसाधारणलाई जानकारी गराउन सूचना प्रशारण गर्ने व्यवस्था मिलाउने ।

हरि प्रसाद घिमिरे
प्रमुख जिल्ला अधिकारी